श्री कार्यालय प्रमुख

साइबर व्यूरो,

नेपाल प्रहरी, भोटाहिटी, काठमाडौं ।

<u>विषयः ध्यानाकर्षण सम्बन्धमा।</u>

प्रस्तुत विषयमा पछिल्लो समयमा सामाजिक सञ्जाल तथा विभिन्न भर्चूअल प्लेटफर्महरु मार्फत महिलाहरु बिशेषगरी किशोरीहरु साइबर बुलिङ, दूर्व्यवहार, अपमानजनक व्यवहार, घृणा, टिप्पणीहरुले गर्दा मानसिक उत्पीडनको शिकार हुँदै आएका छन्। यस प्रकारका गतिविधिहरुले उहाँहरुको आत्मसम्मान, मानसिक स्वास्थ्य तथा सामाजिक सुरक्षामा गम्भीर असर पारिरहेको छ।

यस समस्याको न्यूनीकरण तथा रोकथाम गर्नका लागि सम्बन्धित निकायबाट थप सक्रियता र प्रभावकारी हस्तक्षेप आवश्यक देखिएको छ। त्यसैले निम्न बुँदाहरूमा विशेष ध्यान दिई आवश्यक कदम चालिदिनुहुन हार्दिक अनुरोध गर्दछौः

१. साइबर बुलिङ सम्बन्धी उजुरीहरूको छिटो र प्रभावकारी छानबिन तथा अनुन्धान गर्ने व्यवस्था मिलाउने।
२. पीडितहरूलाई सहज रूपमा उजुरी दिने र मनोवैज्ञानिक सहयोग पाउने वातावरण सिर्जना गर्ने।
३. पीडितलाई तत्काल सुरक्षा र न्यायको सुनिश्चितता गर्ने।
४. दोषीमाथि कडाभन्दा कडा कानुनी कार्वाही सुनिश्चित गर्ने।
५. कुनै पनि हालतमा दोषीले उन्मुक्ति नपाउने सुनिश्चितता गर्ने।
६. सामाजिक सञ्जालमा हुने दुर्व्यवहार विरुद्ध विभिन्न् सँघ-संस्थासँग सहकार्य गर्दै जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने।
७. किशोरी तथा महिलाको अनलाइन सुरक्षा सुनिश्चितताका लागि प्रहरीद्वारा प्रभावकारी निगरानी गर्ने।

यस प्रकारका गम्भीर सामाजिक समस्याको समाधानका लागि प्रहरीको पहरा अनिवार्य देखिएकोले यहाँको ध्यानाकर्षण गराउनका लागि यो निवेदनसहित यहाँ उपस्थित भएका छौं। प्रभावकारी र अर्थपूर्ण पहलकदमीका लागि हार्दिक अनुरोध पनि गर्दछौं।

धन्यवाद।

१. पद्मा अर्याल
२. राम कुमारी झाक्री
३. टुका भद्रा हमाल
४. निता घतानी
५. भूमिका लिम्बू सुब्बा
६. यशोधा कुमारी यादब
७. रिङ्गला यादब
८. बिष्णु माया बि क
९. साजिदा सिद्दिक्की
१०.रोशनी मेचे
११.रेखा झा
१२.सम्झना देवकोटा
१३.मिना रखाल
१४.लिला भण्डारी
१५.अञ्जान शाक्य
१६.विमला घिमिरे
१७.एशुदा कुमारी बराल
१८.गंगा देवी श्रेष्ठ

नेकपा (एमाले) संसदीय दल।

२०८२/१२/२३